नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

प.सं.:
च.नं.:

## प्रेस विज्ञप्ति

मितिः २०८१।०९।०४

नेपालमा हाल भैरहेको विद्युत कटौतिलाई लिएर उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयको उच्च श्रोत तथा कर्मचारीको हवाला दिंदै सम्माननीय प्रधानमन्त्रीज्यूको फोटो राखी वर्तमान सरकारप्रति मित्रराष्ट्र भारतको नकारात्मक सम्बन्धका कारण भन्दै राजनीतिसँग जोडेर भारतले पिक आवरमा विद्युत सप्लाई नदिएको भन्ने भ्रामक समाचार मिति २०८१।०९।०३ को bizmandu.com ले प्रकाशन गरेको समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानकर्षण भएको छ ।

नेपाल-भारत दुई देश बीचको युगौं पुरानो मित्रवत सम्बन्धलाई खलल् पार्ने प्रायोजित योजना अनुरुप यस्ता खालका समाचार प्रकाशन वा सम्प्रेषण गर्ने/गराउने/गर्न उक्साउने जो कोहीलाई कानुनी कारवाहीको दाएरामा ल्याउनु पर्ने आवश्यकतामा जोड दिंदै उक्त भ्रामक, असत्य र कपोलकल्पित एवं छिमेकी देशप्रति पूर्वाग्रह राखी प्रकाशित समाचारको खण्डन एवं भत्सर्ना गरिन्छ । साथै सुख्खा महिनाहरुमा नेपालका जलविद्युत आयोजनाहरुको विद्युत उत्पादन घट्न गई भारतबाट विद्युत आयात गरी यहाँको विद्युत माग-आपूर्तिको सन्तुलन मिलाइदै आएकोमा भारतको इनर्जी एक्सचेन्ज बजारबाट खरिद गरिने विद्युत भारतको आफ्नै विद्युत माग बढी भएका कारण पिक आवरमा नेपाललाई उपलब्ध गराउन नसके पनि भारतीय विद्युत व्यापार कम्पनीसँगको सिधा वार्तामा आधारित दुई पक्षीय सम्झौता (पिपिए) मार्फत वा बिड आव्हान मार्फत वा पावर एक्सचेन्ज कमिटी (पिइसि) अन्तर्गत विद्युत आयातका लागि नेपाल विद्युत प्राधिकरणले आवश्यक पहल गर्न सक्ने र त्यसरी विद्युत आयात गर्न भारत सरकारले कुनै रोक नलगाएको यथार्थ तथ्य रहेको व्यहोरा पनि सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

(चिरञ्जीवी चटौत)
प्रवक्ता एवं सहसचिव

टेलिफोन : ९७७-१-४२११५१६, ४२११८८६, ४२११४२६, ४२११५१८